जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी


राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः ३०४ पृष्ठः ४ | २०८१ चैत्र २० गते बुधबार (Wednesday 02 April 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com



सिरहाको लहान नगरपालिका–१९ का ४५ वर्षीय बुधेश्वर यादव मंगलबार लक्ष्मण ललिता कुशवाह माध्यमिक विद्यालयबाट कक्षा ८ को परीक्षामा सहभागी रहेको छ। *तस्बिरः सुदिप राउत*

## सिरहामा गृहमन्त्री लेखकको पुतला दहन, भारतीयलाई नागरिकता दिलाउनेलाई जोगाएको आरोप

**विनय आजाद**

सिरहा, १९ चैत्र। सिरहामा भारतीय नागरिकलाई नागरिकता दिलाउने काममा संलग्नलाई जोगाएको भन्दै गृहमन्त्री रमेश लेखकको पुतला जलाइएको छ। चोहर्वामा मंगलबार साँझ स्थानीयहरूले गृहमन्त्री लेखकको पुतला जलाएका हुन्। भारतीय नागरिक मोस्ताक मियाँलाई नागरिकता दिन सिफारिस गर्ने वडाध्यक्ष रुषतम अन्सारी र वडासचिव रामदेव मण्डललाई राजनीतिक संरक्षण दिइएको र उनीहरूलाई प्रहरीले पक्राउ गर्न चासो नदेखाएको स्थानीयको आरोप छ।



नरहा गाउँपालिका–३ वडा कार्यालयको सिफारिसका आधारमा भारत विहारको मधुबनी जिल्ला, जयनगर ग्राम पञ्चायतस्थित देउधाका मियाँले २०८० असार २६ मा जिल्ला प्रशासन सिरहाबाट १५०१८०–४३६२ नम्बरको नेपाली नागरिकता पाएका थिए। यो घटना बाहिरिएपछि मोस्ताकलाई नागरिकताका दिलाउन नक्कली बुवा बनाइएका स्थानीय अमानत मियाँलाई प्रहरीले चैत ५ मै पक्राउ गरिसकेको छ। तर, अदालतबाट पक्राउ पुर्जी जारी भए पनि वडाध्यक्ष र वडासचिव खुल्लेआम घुम्दै आएका छन्।

## चुरे संरक्षणमा राज्यका अंगबीच समन्वय र सहकार्यमा जोड

सिरहा, १९ चैत्र। चुरे विनाशले मधेसका जिल्लामा प्रतिकूल असर पारेकाले यसको संरक्षणमा तीनै तहको सरकारको साथसाथै राज्यका अंगबीच समन्वय र सहकार्य आवश्यक रहेकोमा सरोकारवालाले जोड दिएका छन्। 'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई' भन्ने मूल ध्येयका साथ मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयले यहाँको लहानस्थित हात्तीदह सिमसार तथा पर्यटकीय क्षेत्रको सभाहलमा




आयोजित चुरे सम्वाद कार्यक्रमका वक्ताहरुले चुरे संरक्षणका लागि संघीय, प्रादेशिक, स्थानीय सरकार, स्थानीय

–बाँकी दुई पेजमा

## आठौं मेयर गोल्डकप : घरेलु टिम गोलबजार स्पोर्टस् क्लव फाईनल प्रवेश

सिरहा, १९ चैत्र। आठौं अन्तर्राष्ट्रिय गोलबजार मेयर गोल्ड कपमा घरेलु टिम गोलबजार स्पोर्टस् कल्व फाईलन प्रवेश गरेको छ। चात्या सा फुटबल कल्व, दमक झापालाई पेनाल्टी सुट आउटमा हराउदै घरेलु टिम फाइनल प्रवेश गरेको हो। गोलबजार स्पोर्ट्र्स कल्व, सिरहा र चात्या सा फुटबल कल्व, दमक बीच भएको आजको खेलमा दुबै टिमले निधौरीत समयमा १–१ गोल बरामरी भएका थिए। निर्धारीत समयमा खेल बराबटीमा टुङ्गिएपछि पेनाल्टी सुट आउटमा गोलबजार विजय भएको



आयोजकले जनाएको छ। आजको म्यान अफ द म्याच गोलबजार स्पोर्टस्का गोलकिपर अकाश श्रेष्ठ घोषित भएको छ।

भोली हुने दोस्रो सेमिफाइनल खेल सलहेश युबा कल्व, सिरहा र पेमा युबा कल्व,सर्लाही बीच हुने आयोजकले जनाएको छ। खेल गोलबजार नगरपालिका २ गुरुधाम एकीकृत खेलग्राममा भइरहेको छ। प्रतियोगिताको विजेता टिमलाई चार लाख एक हजार र उपविजेता टिमलाई दुई लाख एक हजार नगद रुपैयाँ, मेडल र प्रमाणपत्र गरिने आयोजक तथा गोलबजार नगर प्रवक्ता सञ्जित लामाले जानकारी दिए।

## पन्ध्र दिनमा १३ क्विन्टल गाँजा बरामद

महोत्तरी, १९ चैत्र। महोत्तरीमा पन्ध्र दिनयता करिब १३ क्विन्टल लागुऔषध गाँजा बरामद गरिएको छ। लागुऔषध नियन्त्रण ब्यूरो बर्दिबासको सक्रियतामा गाँजा बरामद गरिएको हो। पहाडी जिल्लाम लुकाइछिपाइ ल्याएको गाँजा बरामद गरिएको ब्यूरोका प्रहरी नायब निरीक्षक सरोजकुमार अधिकारीले जानकारी दिए। सोमबार साँझ बिपी राजमार्गको बर्दिबास–३ गौरीडाँडास्थित ट्राफिक प्रहरी पोष्ट अगाडि वागमती प्रदेश–०१–००६–ख

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सहकारीका गतिविधिबारे सचेत बनौं

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौं,
- सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौं,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरू सचेत बनौं।
- सहकारी मूल्यमान्यताको पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## खानेपानी त स्वच्छ होस् !

भनिन्छ – खानेपानी स्वच्छ भए धेरै प्रकारका रोगबाट जोगिन सकिन्छ। यसैले होला विकसित देशहरूमा खानेपानीको स्वच्छतामा निकै ध्यान दिइन्छ। नेपालमा भने अझै खानेपानीको स्वच्छतामा उति ध्यान पुगेको देखिँदैन। प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङले जिल्लाका १० स्थानीय तहका २ सय ८५ स्थानमा परीक्षण गर्दा १ सय ६ खानेपानीका मुहानमा 'कोलिफर्म' नामको जीवाणु भेटिएको छ। कोलिफर्म मानिसको दिसामा हुने हानिकारक जीवाणु हो। गण्डकी प्रदेशको बागलुङ जिल्ला अपेक्षाकृत चेतनशील र सम्पन्न जिल्लामै पर्छ। तैपनि, त्यहाँका खानेपानीका मुहानहरूको परीक्षण गर्दा यस्तो कहालीलाग्दो अवस्था देखियो। मूलतः खुला स्रोतबाट आपूर्ति संकलन र वितरण गरिने सबैजसो खानेपानीको अवस्था यसभन्दा खासै फरक नहोला। सरकारी तथ्यांकमा जति देखिए पनि नेपालमा पर्याप्त खानेपानी उपलब्ध हुन सकेको छैन। त्यसैले स्वच्छताप्रति उपभोक्ता र खानेपानी कार्यालय कसैको पनि पर्याप्त ध्यान नपुगेको हुनुपर्छ। त्यसो त खुला स्रोतको पानीको मुहान स्वच्छ राख्नु निकै चुनौतीपूर्ण पनि हुन्छ।

अधिकांश पहाडी बस्तीहरूमा पहिले खुला धारा, कुवा भएका पँधेराबाट खानेपानी आपूर्ति गरिन्थ्यो। मधेसमा खोला र इनारहरू खानेपानी आपूर्तिका मुख्य स्रोत थिए। पछि प्रायः तिनै स्रोतबाट पानी संकलन गरेर वितरण गरिएका छन्। खानेपानी संकलन गरिने खोलाहरूमा मानव वा पशुपंक्षीको मलमूत्र मिसिनै नदिन असम्भव प्रायः हुन्छ। साथै खानेपानी वितरण गर्ने उत्साहमा सम्बन्धित निकायका अधिकारीले 'स्वच्छता'मा खासै ध्यान पनि दिँदैनन्। यसैले खानेपानीका मुहानहरू यति धेरै प्रदूषित भएका हुनुपर्छ। प्रदूषित मुहानबाट आपूर्ति गरिने खानेपानी विभिन्न सरुवा रोगको कारक हुनसक्छ। प्रदूषित खानेपानीबाट फैलने बिरामीले यदाकदा महामारीको रूप पनि लिनसक्छ। अर्कातिर, जति प्रदूषित भए पनि खानेपानीको मुहान फेर्न पनि सम्भव हुँदैन। यसैले विशेषगरी खानेपानी समितिहरू, जनस्वास्थ्य कार्यालयहरू र स्थानीय पालिकाहरू सबैले खानेपानीको स्वच्छतालाई प्राथमिकता दिनुपर्ने देखिन्छ। मुहान तथा वितरित पानीको परीक्षणलाई अभियानकै रूपमा सञ्चालन गरेर खानेपानीलाई खान योग्य स्वच्छ बनाउनुपर्छ।

खानेपानीको स्वच्छतालाई प्राथमिकता दिने हो भने जनतालाई रोगबाट जोगाउन त सकिन्छ नै उपचारमा हुने खर्च बचाउन पनि सकिन्छ। यसैले खानेपानीको परीक्षण र स्रोतको संरक्षणमा राज्यले प्राथमिकता देओस्। साथै, जनतालाई पानी प्रदूषित भएको र स्वच्छ बनाउने विधिको जानकारी दिने अभियान पनि चलाउनु उचित हुनेछ।

### *चुरे संरक्षणमा...*

समुदाय, सरोकार भएका निकायको समन्वय, सहकार्य र संयुक्त प्रयास अपरिहार्य रहने बताएका हुन्। कार्यक्रमका मधेस प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले चुरे क्षेत्र मधेसको जीवनसँग जोडिएको बताउँदै यसको संरक्षण गर्नु सबैको दायित्व भएको बताए। "राज्यका निकायले चुरे क्षेत्रलाई आफ्नै ठानेर समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा यसको संरक्षणमा जोड दिन आवश्यक छ", उनले भने, "चुरेले सबैलाई समेट्ने भएकाले स्थानीय पालिका प्रमुखको नेतृत्वमा समन्वय र सहकार्य गरिंदा उत्तम देखिन्छ।"

कार्यक्रममा प्रदेश वन निर्देशनालय जनकपुरका प्रेदश वन निर्देशक जगन्नाथ प्रसाद जयसवालले वन विनास र चुरे क्षेत्रको प्राकृतिक स्रोतसाधन माथिको अवैध दोहनका कारण जमिन मुनिको पानीको सतह सुक्दै गएकाले स्थिति भयावह बन्दै गएको बताए। उनले चुरे संरक्षणका लागि सबै निकाय र संयन्त्र उत्तिकै जिम्मेवार रहेकाले जमिनमा 'वाटर रिचार्ज' का लागि जलाधार क्षेत्रको संरक्षण तथा पानी पोखरी निर्माणमा जोड दिनुपर्ने धारणा राखे। त्यसैगरि डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले चुरेको अवस्था र यसको संरक्षण तथा व्यवस्थापनका लागि हालसम्म गरिएका कार्यक्रमको प्रगतिको अवस्थाबारेमा प्रस्तुतीकरण गरेको थियो। कार्यक्रममा धनुषा, सिरहा, सप्तरी र उदयपुर गरी चार जिल्लाका डिभिजन वन कार्यालयका प्रमुख तथा प्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि, स्थानीय तहका जन प्रतिनिधि, भू तथा जलाधार कार्यालयका प्रतिनिधि, जिल्ला समन्वय समितिका प्रतिनिधिको उपस्थिति थियो।

### *पन्ध्र दिनमा...*

५३७१ नम्बरको ट्रक जाँच गर्दा ट्रकको हुटमाथि प्लाष्टिकमा बेरिएको दुई क्विन्टल ३५ किलो गाँजा बरामद गरिएको थियो। गाँजासँगै ट्रक चालक मकवानपुरको थाहा नगरपालिका–७ डाँडाबासका २७ वर्षीय कविराज गोलेलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रेवतीरमण पोखरेलले जानकारी दिए। यसअघि यही चैत ३ गते सोही ठाउँमा सिन्धुलीबाट बर्दिबासतर्फ आइरहेको बा३ख ५८३२ नम्बरको ट्रक जाँचका क्रममा ५४७ किलोग्राम गाँजा बरामद गरिएको थियो। चालक सिन्धुपाल्चोकको बाह्रबिसे–७ का ३७ वर्षीय सलिन मगरलाई पक्राउ गरी कारबाही अघि बढाइएको छ।यस्तै ब्यूरोको टोलीले चैत ८ गते ढल्केबर जनकपुर सडकखण्डको लक्ष्मीनियाँचोकमा मधेस प्रदेश-०३-००२-ख २५२० नम्बरको ट्रक जाँचका क्रममा पाँच क्विन्टल १० किलो गाँजा बरामद गरेको थियो।

# जनसाङ्ख्यिक लाभांशको सदुपयोग : अबको २७ वर्षसम्म देश बनाउने स्वर्णिम अवसर

**दुण्डीराज लामिछाने**

देशलाई अहिले आर्थिक समृद्धिको आवश्यकता छ। २०७८ को जनगणना अनुसार हामीसँग अहिले झन्डै ५५ प्रतिशत जनसंख्या जनसाङ्ख्यिक लाभांशको स्थितिमा छ। जनसाङ्ख्यिक लाभांश भनेको उमेर संरचनाको लाभ उठाउँदै कुनै पनि देशले आर्थिक र सामाजिक लाभ हासिल गर्नु हो। यो श्रम गर्नसक्ने उमेर समूहको जनसंख्यालाई बुझाउँछ। नेपालको जनसंख्या २०७८ सालमा २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ छ। कुल जनसंख्यामा १ करोड ८० लाख ७० हजार ३ सय ७३ जना सक्रिय उमेर समूहमा छन्। पछिल्ला चार वटा जनगणना तथ्यांकले काम गर्न सक्ने उमेर समूहमा जनसंख्याको अनुपात बढेको देखाउँछ। विकसित देशहरू सिंगापुर, दक्षिण कोरिया, मलेशिया र हाम्रो छिमेकी देश बंगलादेशले गरेको तीव्र आर्थिक वृद्धिमा जनसंख्या लाभांशको ठूलो योगदान छ।

जनसाङ्ख्यिक लाभांश १५ देखि ६४ वर्षको उमेर समूहलाई मानिन्छ। सामान्य भाषामा भनेको काम गर्न सक्ने उमेर समूहको जनसंख्या हो। २०७८ सालको जनगणना अनुसार यो जनसंख्या पहिलेभन्दा बढेको छ। अहिले नेपालमा १०० जनामा ६५ जना श्रम गर्न योग्य जनसंख्या छ। यो समय आजभन्दा १० देखि १५ वर्ष पहिले नै शुरू भएको हो। २०६८ पछि अझै यो मध्यम भागमा पुगेको भन्न सकिन्छ। हामीसँग रहेको यो महत्त्वपूर्ण जनसंख्या जुन देशको विकास र समृद्धिका लागि धेरै समय रहने छैन। यो समय नेपालका लागि स्वर्णिम छ तर सीमित छ। अबको लगभग २५ देखि २७ वर्षसम्म मात्रै यो अवसर रहनेछ। अबको २६–२७ वर्षपछि अहिलेको सक्रिय जनसंख्या ६४ उमेर पार गर्छ त्यसपछि हामीसँग श्रमयोग्य जनसंख्या हुँदैन। त्यसैले अहिले नै हामीले केही गर्ने बेला आएको छ।

२०७८ सालमा ६३ वर्ष उमेर पुगेको मानिस अहिले २०८१ मा आइपुग्दा ६५ वर्षमा पुगेर आश्रित जनसंख्या भइसकेको अवस्था छ। त्यसैले यो समय बिस्तारै ढल्कँदैछ। अहिले जन्मेका वा बालक उमेरमा रहेको जनसंख्या अबको ३० वर्षमा सक्रिय उमेरमा रहेको जनसंख्या निष्क्रियमा पुग्छ। त्यसैले यहीबीचको समय देशले सदुपयोग गरी विकास र समृद्धिमा फड्को मार्न सक्छ। अबको ३०० वर्षपछि अहिलेका बालबालिकाहरू जनसाङ्ख्यिक लाभको अवस्थामा रहँदैनन्। त्यति बेलासम्म जनसाङ्ख्यिक लाभांश ५० प्रतिशतभन्दा तल आउँछ। त्यसपछि देशमा श्रम गर्ने जनसंख्या रहँदैन।

**नेपालले जनसाङ्ख्यिक लाभ लिन नसक्नुका कारण**

नेपालले जनसाङ्ख्यिक लाभ लिन नसक्नुमा शिक्षा र सीपको अभाव, रोजगारको माग अनुसारको सीपयुक्त जनशक्तिको कमी, वैदेशिक रोजगारमा निर्भरता, औद्योगिकीकरणको अभाव, देशभित्र युवा शक्तिको सही प्रयोग नहुनु, अल्पविकसित अर्थतन्त्र, कृषि आधुनिकीकरणमा कमी, उत्पादनशील क्षेत्रहरूको विकास नहुनु र रोजगारी सिर्जना गर्न नसक्नु, राजनीतिक अस्थिरता, सीपमूलक शिक्षामा कमी, जनसंख्या व्यवस्थापनमा कमजोरी, प्रविधिको सीमित प्रयोग लगायतका कारण छन्। त्यसैले अब नीति, शिक्षा, रोजगारी र आर्थिक संरचनामा सुधार गरेर यसबाट लाभ लिने बेला आएको छ। सीधा भाषामा भन्दा अबको ३० वर्ष भनेको गर कि मरको अवस्थामा छ। यो समय २०४८ र २०५८ सालको बीचदेखि शुरू भएको हो।

अहिले हाम्रो देशको अर्थतन्त्र र अरू देशको आर्थिक समृद्धिको तुलनामा हामीलाई यो समयलाई सदुपयोग गर्नुपर्ने बाध्यता छ। यसबीचमा जनसाङ्ख्यिक लाभांशका बारेमा धेरै पटक विश्लेषणहरू भए तर ठोस रूपमा त्यो व्यवहारत कार्यान्वयन हुन सकेन। राज्यले यसबारे केही नीति निर्माण त गऱ्यो तर त्यो बदलिँदो परिवेशसँग खासै मेल खाएन। अझ भन्नुपर्दा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको अवस्था छैन। राज्यले सामान्य रूपमा सोच्दा यसमा परिवर्तन आएको देखिँदैन। उदाहरणका लागि हाम्रो शिक्षा नीतिलाई हेरौँ। कक्षा १२ सम्मको शिक्षा नीतिले खाली बाह्रै महिना स्कूल कलेज जाऊ भन्यो, त्यो सैद्धान्तिक मात्रै बन्न पुग्यो। त्यसमा हुनुपर्ने भनेको व्यावहारिक सीप हो। श्रम गर्न सक्षम उमेरका युवालाई ड्रेस लगाएर कलेज जाऊ भन्दा त्यो शिक्षा जीवनोपयोगी बन्न सकेन। त्यसले घरव्यवहार चलेन।

सीपमूलक शिक्षा विकासका लागि भन्दै सीटीईभीटी जस्ता शैक्षिक संस्थाहरू यसबीचमा खोलिए तर ठूलो जनसंख्यालाई त्यसले खासै प्रभाव पारेन। हामीले व्यावहारिक ज्ञानलाई प्रयोग गर्न सकेनौँ। त्यसैले हाम्रो व्यावहारिक ज्ञान कमजोर बन्यो। यसको परिणाम स्वरूप हाम्रो आर्थिक गतिविधि चलायमान हुन सकेन। श्रम गर्ने जनशक्तिसँग सीप भएन र यसले समग्र देशको अर्थतन्त्रमा नै प्रभाव पऱ्यो र हाम्रो अर्थतन्त्र यो अवस्थामा छ। शिक्षा नीतिका कारण पनि देशमा सम्भावना नदेखेर युवा जनशक्ति विदेशिन बाध्य भयो। कारण हो हामीले सैद्धान्तिक ज्ञान मात्रै दियौँ, व्यावहारिक सीप सिकाएनौँ। उनीहरू विदेशमा पनि सस्तो श्रम गर्न बाध्य छन्। यसरी नेपालमै नरोकिने जनसंख्यालाई नेपालमै बस्ने वातावरण निमाण गर्नु राज्यका लागि ठूलो चुनौती हो।

**जनसाङ्ख्यिक लाभांशबाट लाभ लिन राज्यले गर्नुपर्ने काम**

मुख्यतः हामीले शिक्षामा गरेको लगानी परिवर्तन गर्न जरुरी छ। अहिलेको शिक्षा प्रणाली सैद्धान्तिक मात्रै भएको छ, यसलाई व्यावहारिक ज्ञानमा परिवर्तन गर्न जरुरी छ। कम्तीमा पनि एकवर्षे व्यावहारिक ज्ञानको नीति ल्याउनुपर्छ। युवा जनसंख्यालाई सीपमूलक शिक्षा दिएर विदेश जानबाट रोक्ने वातावरण बनाउनुपर्छ। एउटा गरिब परिवारले स्नातक पढ्न पाँच वर्ष लगाउनुपर्ने बाध्यता छ। त्यसपछि पनि देशमा रोजगारीको कुनै ग्यारेन्टी छैन। त्यसैले त्यो सैद्धान्तिक ज्ञानले जीवनयापन गर्न सहयोग पुऱ्याउँदैन जसका कारण मानिसहरू विदेश जान्छन्। त्यति समय खेर फाल्न र आर्थिक रूपमा खर्च धान्न सक्ने अवस्था पनि हुँदैन। त्यसैले राज्यले सीपयुक्त कार्यक्रम अगाडि सार्न जरुरी छ जसबाट विद्यार्थीले पढाइ सकेपछि देशभित्रै रोजगारी पाओस्।

अहिले १२ कक्षा पढेपछि विदेशिने क्रम बढेको छ। कलेजहरू धमाधम खाली हुँदैछन् र बिस्तारै पढ्ने विद्यार्थी पाउन गाह्रो छ। त्यसैले राज्यको मुख्य ध्यान भनेको युवा शक्तिलाई देशमै राख्ने वा टिकाउने वातावरण सिर्जना गर्नुपर्छ। ४–५ वर्षको औपचारिक शिक्षामा समय र पैसा खेर फाल्ने शिक्षा प्रणाली सुधार गर्न आवश्यक छ। पछिल्लो समय निजी क्षेत्रले रोजगारी सिर्जनामा ठूलो योगदान दिएको छ। देशभित्रै पनि सरकारी कर्मचारीको त सेवा सुविधा ठीक छ तर निजी क्षेत्रमा भने त्यो छैन, काम गर्ने समय र ज्यालामा विभेद छ। यसलाई कम गरिएन भने मानिसहरू देशभित्र बस्न चाहँदैनन्। अहिले पहिलेको जस्तो अवस्था छैन, नयाँ पुस्ताले आफूलाई पुग्ने सेवा सुविधा दिएन भने काम गर्दैन। त्यसैले परिस्थिति अनुकूल सीप सिकाएर लगानी गर्ने वातावरण सिर्जना गर्दा जनसाङ्ख्यिक लाभांशको लक्ष्य पूरा हुन्छ।

**तीन दशपछिको नेपालको जनसंख्याको स्थिति**

घट्दो प्रजनन दर, सुधार हुँदै गएको मृत्युदर, अनुपस्थित जनसंख्याको बढ्दो क्रम र बसाइँसराइमा आएको परिवर्तनजस्ता कारणले नेपालको जनसंख्या बिस्तारै घट्दैछ। यो अवस्थालाई हेर्दा आगामी तीन दशकमा नेपालको जनसंख्या ४३ लाख मात्रै बढ्ने अनुमान छ, यो तथ्याङ्कको अनुपातमा कम हो। नेपालको जनसंख्या बढ्दै गएको जस्तो देखिए पनि वार्षिक वृद्धिदर भने घट्दै गएको अवस्था छ। यसो भनिरहँदा देशको जनसंख्या ऋणात्मक नै भएको अवस्था भने छैन। तर राज्यले सोच्नुपर्ने बेला आएको छ, यो अवस्था अन्य देशमा पनि देखिएको छ।

उदाहरणका रूपमा केही समयअघि चीनमा एउटा बच्चा जन्माउने नीति ल्याइयो जसले गर्दा चीनको जनसंख्या ह्वात्तै घट्यो। तर अहिले चीनमा दुई वटा बच्चा जन्माउने नीति ल्याइए पनि त्यो सफल हुन सकेको छैन। मानिसहरूले जति सन्तान जन्माउँछन् त्यति आवश्यकताहरू बढ्दै जान्छन्, त्यसैले धेरै सन्तान उत्पादन गर्न चाहँदैनन्। तर यस्तो नीतिहरू एक पटक ल्याएपछि त्यसलाई वृद्धि गर्न राज्यले ठूलो लगानी गर्नुपर्ने अवस्था आउँछ।

**३० वर्षपछि मानिस थातथलो फर्कने अवस्था आउँछ**

केही वर्षदेखि यो प्रक्रिया सामान्य रूपमा चलिरहेकै छ। राज्यका नीतिहरूमा पनि परिवर्तन आएको छ। अहिले संघीयतापछि आवश्यक सेवा सुविधाहरू हरेक पालिका तहसम्म पुऱ्याइसकेका छन्। त्यसैले अबको तीन दशकमा मानिसहरू थातथलो फर्कने हाम्रो विश्वास छ। अर्को समस्या के छ भने स्थानीय स्तरमा सेवा सुविधाहरू पुगे पनि त्यस सुविधा लिने मानिसहरू एकदमै कम छन् अहिले। सरकारले पछिल्लो समय गैरआवासीय नेपालीहरूलाई नागरिकता दिने नीति ल्याएको छ, यो सकारात्मक कदम हो। यसले तल्लो तहसम्म लगानी भित्र्याउँछ। एनआरएनसम्बन्धी नीति र नियमावली बन्दैछन् जसले एक किसिमको उत्साह पैदा गरेको छ। यसले गर्दा प्रवासमा रहेका मानिसहरू पनि फर्कने आशा गरिएको छ।

शक्तिशाली राष्ट्र अमेरिकाले पछिल्लो समय आफ्नो देश निर्माणको जुन नीति लिएको छ, यसलाई पनि यस्तै मान्न सकिन्छ। विश्व आर्थिक नीतिको परिवर्तनसँगै नेपाल अगाडि बढ्नुपर्छ। हामीले पनि ती देशहरूबाट सिक्नुपर्छ र आफ्नो अर्थतन्त्र बलियो बनाउनुपर्छ। यसले गर्दा जनसाङ्ख्यिक लाभांशको सकारात्मक प्रभाव पनि पर्छ। नेपालले हिमाल र पहाडका जमिनलाई भरपूर प्रयोग गर्नुपर्छ। देशभित्र र बाहिरको जनसंख्या आकर्षित हुने अवस्था सिर्जना हुन्छ। मुख्यतः कृषिमा लगानी गर्न आवश्यक छ। भारत र चीनको तुलनामा हामीले कृषिमा प्रतिस्पर्धा गर्ने अवस्था नभए पनि आन्तरिक अर्थतन्त्र बलियो बनाउन जनसाङ्ख्यिक लाभांशको प्रयोगमा कृषि उत्पादनले मद्दत पुऱ्याउन सक्छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले देखिएका विषयहरू बाहिर ल्याउने हो। अब यसलाई पूरा गर्न सबैको साझा भूमिका आवश्यक छ। यसमा छलफल गरेर सूक्ष्म ढङ्गले अध्ययन गर्न जरुरी छ। शिक्षामा सुधार, वैदेशिक अध्ययन, स्नातकसम्म नेपालमा पढ्ने वातावरण, शिक्षामा एकवर्षे सीपमूलक कार्यक्रम अनिवार्य, कृषि क्षेत्रको उत्पादनलाई अधिकतम प्रयोग, रोजगारी सिर्जना, निजी क्षेत्रसँगको सहकार्य आदि कुरालाई आत्मसात् गर्न सकेमा आउँदो तीन दशकमा पूर्णरूपमा जनसाङ्ख्यिक लाभांशको फाइदा लिन सकिन्छ। *(राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी तथा प्रवक्ता ढुण्डिराज लामिछानेसँगको कुराकानीमा आधारित।)उज्यालो अनलाइनबाट*

# अनुहारको छाला चम्किलो बनाउने ५ प्राकृतिक तरिका




आजकल, छालाको हेरचाहका लागि बजारमा धेरै प्रकारका उत्पादन र उपचारहरू उपलब्ध छन्। जसले छालालाई चम्किलो बनाउने दाबी पनि गर्दछ, तर त्यस्ता उत्पादनहरूमा हानिकारक रसायनको पनि प्रयोग भएको हुन्छ। जसको प्रयोग लामो समय गर्दा यसले छालालाई हानी पुऱ्याउन सक्छ। चम्किलो छालाको चाहना हो भने यसका लागि प्राकृतिक उपाय अपनाउनु राम्रो हुन्छ। प्राकृतिक चीजहरूको प्रयोगले छालामा चमक बढाउनुका साथै कुनै साइड इफेक्ट पनि गर्दैन। यस्तोमा छालालाई चम्किलो बनाउन यी ५ घरेलु उपाय अपनाउन सकिन्छ।

**१. मह र कागती**

छालालाई चम्किलो बनाउनका लागि महँगा उत्पादनहरू मात्र उपयोगी हुन्छ भन्ने छैन। कागतीमा पाइने भिटामिन सीले छालालाई प्राकृतिक रुपमा चम्किलो बनाउन सक्छ। एउटा कचौरामा मह, दूध र कागतीको रस मिसाउनुपर्छ र यो प्याक आफ्नो अनुहारमा लगाएर यसलाई १५ मिनेटका लागि छोड्नुपर्छ र सादा पानीले पखाल्नुपर्छ। यसको प्रयोगले छालामा परिवर्तन हुन्छ। मह र दूधले छालालाई नरम बनाउँछ, र कागतीले यसलाई चम्किलो बनाउन मद्दत गर्छ।

**२. चामलको पिठो**

चामलको पिठो छालालाई चम्किलो बनाउने प्राकृतिक र प्रभावकारी उपाय हो। यसले छालालाई गहिरो रूपमा सफा गर्छ, दाग कम गर्छ र यसलाई नरम पनि बनाउँछ। चामलको पिठोको प्याक बनाउन काँचो चामललाई राम्रोसँग पिस्नुपर्छ, अब यस पाउडरमा अलिकति कास्टर तेल र काँचो दूध मिसाउनुपर्छ। यो मिश्रणले छालालाई पोषण दिन्छ र यसलाई चम्किलो बनाउँछ। यस प्याकलाई अनुहारमा लगाएर१५–२० मिनेटसम्म छोड्नुपर्छ र त्यसपछि चिसो पानीले धुनुपर्छ। यसबाट छाला केही दिनमै निखारिन्छ र छाला प्राकृतिक रुपमा चम्किलो हुन थाल्छ।

**३. बेसार र दही**

बेसारमा पाइने कर्क्युमिन एक शक्तिशाली एन्टिअक्सिडेन्ट हो जसले छालालाई धेरै प्रकारका समस्याबाट बचाउँछ। यसले दाग, धब्बा र चाउरीपना पनि कम गर्छ। साथै, दहीले छालालाई चम्किलो मात्र होइन, नरम र मुलायम पनि बनाउँछ। यस्तोमा २ चम्चा दही र १/४ चम्चा बेसारको धूलो लिनुपर्छ र दुवै चीजलाई मिसाएर पेस्ट बनाउनुपर्छ। यस पेस्टलाई अनुहारमा लगाएर १५–२० मिनेटसम्म छोड्नुपर्छ। त्यसपछि चिसो पानीले धुनुपर्छ। यो प्याक हप्तामा २–३ पटक लगाउनाले छालामा चमक आउँछ।

**४. गोलभैंडा र मुलतानी माटो**

गोलभैंडा र मुलतानी माटोले बनेको प्याक पनि छालालाई चम्किलो र दागरहित बनाउन निकै प्रभावकारी हुन्छ। यसका लागि गोलभैंडालाई पिसेर यसको पेस्ट बनाउने, त्यसमा मुलतानी मिट्टी र गुलाब जल मिसाएर पेस्ट बनाउनुपर्छ। यस पेस्टलाई अनुहारमा लगाएर १५–२० मिनेटसम्म छोड्ने। त्यसपछि चिसो पानीले धुने। यो प्याक हप्तामा २–३ पटक लगाउनाले छाला कुनै फेसियल वा ब्लिचबिना नै चम्किलो हुनथाल्छ।

**७.मह र दही**

छालालाई चम्किलो र नरम बनाउनका लागि मह र दहीले बनेको फेस मास्क हप्तामा एक वा दुई पटक प्रयोग गर्न सकिन्छ। यदि छाला सुख्खा छ भने यसमा नरिवलको तेल पनि मिसाउन सकिन्छ। दहीमा ल्याक्टिक एसिड हुन्छ, जसले छालाक मृत कोशिकाहरू हटाउँछ। नरिवलको तेलले छालालाई मोइस्चराइज गर्छ र महमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ जसले छालालाई स्वस्थ राख्छ। यो मास्क बनाउन १ कप दही, २ चम्चा नरिवलको तेल र २ चम्चा मह राम्रोसँग मिसाउने। त्यसपछि, यसलाई अनुहारमा लगाउने र १०–१५ मिनेटका लागि छोड्ने र त्यसपछि चिसो पानीले धुने। हप्तामा १ देखि २ पटक यो मास्क लगाउँदा छाला चम्किलो हुन्छ।

# मिथिलाञ्चलमा चैती छठ पर्व शुरू

महोत्तरी, १९ चैत्र। मिथिलाञ्चलसहित तराई–मधेशका जिल्लामा चैती छठ पर्व शुरू भएको छ। चार दिनसम्म मनाइने चैती छठ पर्व हिजोदेखि तराईको महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सालगायत मिथिलाञ्चलभर धार्मिक विधिपूर्वक शुरू भएको हो। चैती छठ पर्व महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबास लगायत अरु शहरी एवम् ग्रामीण क्षेत्रमा रहेका विभिन्न पोखरी, तलाउ तथा जिल्लाका प्रसिद्ध नदीहरू बिग्ही, रातो मरहा, जंगहा, अंकुसी नदी तथा नहरको किनारमा धुमधामका साथ मनाइने गरिन्छ।



पर्वको पहिलो दिन व्रतालुहरूले नहा खा अर्थात् नुहाएर खाने अर्थात् शरीर चोख्याउने काम गर्छन्। दोस्रो दिन आज खर्ना मनाइन्छ। खर्नाका दिन व्रतीहरूले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कूल देवताको पूजा गर्नेर राति अरवा अरबाईन (बिनानुन हालेको) खानेकुरा खाने चलन छ। षष्ठीका दिन पर्सि साँझ गहुँर चामल ओखल, जातो वा ढिँकीमा कुटन पिसान गरी त्यसको पिठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटेको हाति, ठूलो ढाक्कीमा राखी परिवारका सबै सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्ने गर्छन्।

षष्ठीका दिन व्रतालुहरूले सन्ध्याकालीन अर्ध्य (अर्घ) का लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्ने चलन छ। शुक्रवार एकाबिहानै पुनःछठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातकालीन उदाउँदो सूर्यलाई अर्ध्य (अर्घ) दिई चैती छठ पर्व सम्पन्न गरिन्छ।

# शिक्षकहरूद्वारा अनिश्चितकालीन सडक आन्दोलनको घोषणा

काठमाडौं, १९ चैत्र। नेपाल शिक्षक महासंघले भोलि बुधबारदेखि अनिश्चितकालीन सडक आन्दोलन घोषणा गरेको छ। महासंघले आज पत्रकार सम्मेलन गर्दै उक्त आन्दोलनको घोषणा गरेको हो। महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीका अनुसार महासंघ माघ २० गतेबाट आन्दोलनमा छ। यसक्रममा पालिका, जिल्ला र प्रदेश तहमा आन्दोलनका कार्यक्रमहरू सम्पन्न भएका छन्। पहिलो चरण अन्तर्गतको अन्तिम कार्यक्रमको रूपमा गत फागुन २४ काठमाडौंमा वृहत् सडक आन्दोलन सभा सम्पन्न भयो। 'दोस्रो चरण अन्तर्गत २०८१ फागुन २७ गतेबाट २०८१ चैत्र ५ गतेसम्म राजनीतिक दलहरूको केन्द्रीय कार्यालयमा धर्ना गरियो भने चैत्र ७ गतेदेखि चैत्र १५ गतेसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यालय परिसरमा रिले अनशन सम्पन्न भयो, दोस्रो चरणको अन्तिम र निर्णायक कार्यक्रमको रूपमा २०८१ चैत्र २० गतेबाट 'काठमाडौं जाऔं अभियान' अघि बढाइएको छ, यस अन्तर्गत देशभरका सबै शिक्षक कर्मचारीको सहभागितामा अनिश्चितकालीन शैक्षिक सडक आन्दोलन अघि बढाइने भएको छ,'उनले भने।

उनले स्थायी, राहत, साविक उमावि, सिकाइ अनुदान, बालविकास कक्षा, अस्थायीरकरार, प्राविधिक धार, विशेष शिक्षा तथा संस्थागत विद्यालय लगायत सबै प्रकृतिका शिक्षक तथा विद्यालय कर्मचारीका सबै समस्या समाधान गरी गुणस्तरीय विद्यालय शिक्षाको प्रबन्धका पक्षमा स्पष्ट मार्ग निर्माण गर्न सक्ने नयाँ विद्यालय शिक्षा ऐन जारी नभएसम्म यो आन्दोलन निरन्तर चली रहने जानकारी दिए। 'महासंघ र सरकारबीच विगतमा भएका सबै सहमति सम्बोधन हुने गरी गुणस्तरीय विद्यालय शिक्षा, विद्यार्थी र शिक्षक कर्मचारी मैत्री अग्रगामी विद्यालय शिक्षा ऐन जारी गराउन राज्यपक्षलाई बाध्य पार्नु यस आन्दोलनको उद्देश्य हो,'उनले भने,'यो उद्देश्य प्राप्तिका लागि हामीले गर्ने आन्दोलन शान्तिपूर्ण, अनुशासित र मर्यादित हुनेछ, यो आन्दोलन शिक्षक कर्मचारीको पेसागत मागमुद्दा सम्बोधनसँग मात्र जोडिएको छैन, यसले गुणस्तरयुक्त विद्यालय शिक्षा तथा विद्यार्थीको हित र उन्नयनका पक्षमा समेत आवाज मुखरित गरेको छ।' शिक्षकहरूले एसईईको कापीसमेत जाँच नगर्ने घोषणा गरिसकेका छन्।

# नौ वर्षदेखि सुब्बाको भरमा इलाका प्रशासन

प्रवीणकुमार शर्मा

रौतहट, १९ चैत्र। रौतहटको मध्य भागमा रहेको इलाका प्रशासन कार्यालय गरुडा विगत ९ वर्षदेखि नायव सुब्बाको भरमा सञ्चालन हुँदै आएको छ। २०७३ सालमा स्थापना भएको इलाका प्रशासन कार्यालय गरुडा स्थापना काल यता तीन जना नायव सुव्वाले सञ्चालन गर्दै आएको छ। गरुडा नगरपालिका १ देखि ८, माधव नारायण नगरपालिकाको ९ वटै वडा तथा गढिमाई नगरपालिकाको ९ वटै वडाका नागरिकलाई नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, रास्ट्रिय परिचय पत्र उपलब्ध गराउने र अन्य प्रशासनिक कामकाज गर्न खुलेको इलाका प्रशासन कार्यालयमा दरबन्दी अनुसारको कार्यालय प्रमुख व्यवस्थापन नहुँदा यसको प्रत्यक्ष असर यहाँको नागरिकदेखि व्यापार व्यवसाय, कल कारखाना, वित्तिय संस्थालाइ परेको गरुडा नगरपालिकाका नगर प्रमुख कन्थमणि प्रसाद कलवारले बताए।

नायव सुब्बा राम स्वार्थ राय यादव २०७६ कात्ति ८ गतेदेखि निमित्त कार्यालय प्रमुखको जिम्मेवारीमा छन्। एक वर्षमा ६ महिना मात्र निमित कार्यालय प्रमुखको जिम्मेवारी तोक्ने कानुनी व्यवस्था हुँदा हुँदै कर्मचारी अभाव तथा भएको कर्मचारी समेत इलाका प्रशासन कार्यालयमा जान नचाहेको विशेष परिस्थितिका कारण १ दिन बिराएर हरेक ६–६ महिनामा सुब्बालाई जिम्मेवारी दिनुपरेको गृह मन्त्रालय निजामति कर्मचारी प्रशासन शाखाका शाखा अधिकृत लोकेन्द्र बहादुर विष्टले बताए। लगातार एउटै व्यक्तिलाई निमितको जिम्मेवारी दिन नमिल्ने भन्दै गृह मन्त्रालयले २०८० फाल्गुनमा शाखा अधिकृत मनिष झालाई इलाका प्रशासन कार्यालय गरुडा पठाएको थियो तर ३ महिना नबित्दै उनको सरुवा भएपछि जनताको काम नरोकियोस भनेर आफुले पुनः जिम्मेवारी लिएको निमित कार्यालय प्रमुख राम स्वार्थ राय यादवले बताए।

आफू हाजिर भए लगत्तै इलाका प्रशासन कार्यालय गरुडामा शाखा अधिकृत पठाउन आग्रह गरेको रौतहटका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले बताए। गृह सचिव गोकर्णमणि दुवाडीले दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापनका लागि आफू लागि परेका उनले बताए।


## अर्नमा गाउँपालिका
### नगर कार्यपालिकाको कार्यालय
**अर्नमा, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**दोश्रो पटक प्रकाशित मिति–२०८१/१२/२० गते**

चालु आ.व.२०८१/०८२ को लागि स्वीकृत यस गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार तापसिलका वडा तथा गाउँ स्तरीय कार्यक्रमको लागि निम्न तालिमहरु तोकिए बमोजिमको वजेट परिधि भित्र रहि संचालन गर्नुपर्ने भएकोले प्रमाणपत्र, स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि कर र फर्म दर्ता प्रमाणपत्र , प्रचलित कानून बमोजिम सेवा संचालनको काम संचालन गर्न ईच्छुक संघ संस्था कम्पनी व्यक्तिहरुलाई सम्बन्धित निकायमा दर्ता र नविकरण भएको लागि अनुमति लिनु पर्ने भए सोको अनुमतिपत्र जस्ता कागजातहरुको प्रमाणित प्रतिलिपी संलग्न राखि यो सुचना प्रकासित भएको मितिले १५ दिन भित्र आफुले संचलन गर्न चाहेको तालिम गोष्ठिको नाम उल्लेख गरी के कसरी कुन तालिम संचालन गर्न गराउन सकिन्छ व्यहोरा सहितको प्रस्ताव पेश गर्नहुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।विस्तृत व्यहोरा बुझ्नुपर्ने भएमा कार्यालय समयमा आई बुझ्न सकिनेछ।

**चालु खर्च शिर्षक अन्तगर्तको कार्यक्रम**

| सि.नं. | वडा/गा.पा.स्तरीय | संचालन गर्नुप्र्ने तालिम गोष्ठीको नाम | विनियोजित बजेट |
|---|---|---|---|
| १. | गा.पा.स्तरिय | मोवाइल रिपेयरिङ सम्वन्धी सिपमूलक तालिम | रु.४ लाख |
| २. | गा.पा.स्तरिय | इलेक्ट्रिसियन सम्वन्धी सिपमूलक तालिम | रु.४ लाख |
| ३. | गा.पा.स्तरिय | पत्राकारिता सम्वन्धी तालिम | रु.३ लाख |
| ४. | गा.पा.स्तरिय | वालविवाह, वहुविवाह दहेज प्रथा विरुद्ध जनचेतनामूलक सडक नाटक | रु.४ लाख |
| ५. | गा.पा.स्तरिय | महिला सशक्तिकरण तथा नेतृत्व विकास तालिम | रु.४लाख |
| ६. | गा.पा.स्तरीय | साइवरक्राइ लागु औषध न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ४ लाख |
| | | जम्मा वजेट | रु.२३ लाख |

# सुक्न थाले इनार पानीको संकट चुलिँदै



ढल्केबर, १९ चैत्र। धनुषाको मिथिला नगरपालिका-२ स्थित सुकुमवासी बस्तीमा पानीको चरम संकट उत्पन्न भएको छ। बस्तीमा रहेका तीन इनारमध्ये दुई वटामा पानी सुकेपछि समस्या उत्पन्न भएको हो। स्थानीय हरिदेव महतोले इनार सुकेपछि सुकुमवासी बस्तीमा यस्तो अवस्था आएको बताए। तीन इनारमध्ये दुई वटामा पानी सुकेपछि डेढ सयभन्दा बढी घरपरिवार पानीका लागि एउटै इनारमा भर पर्नु परेको उनले जानकारी दिए। स्थानीय हरिदेवले भने, "अलि हुनेखानेले इनारमा मोटर जडान गरेर पानी निकाल्ने गरेका थिए भने नहुनेहरूले बाल्टी र डोरीको सहायताले पानी तान्ने गर्थे। अहिले भने पानी नै नरहेपछि सिंगो बस्ती समस्यामा परेको छ। फागुन अन्तिम सातातिर ती दुई वटै इनारको पानी सुकेपछि सबैलाई समस्या भएको छ।"

उनका अनुसार स्थानीय सरकारले केही महिनाअघि एउटा डिप ट्युबेल गाडे पनि सञ्चालनमा आउन सकेको छैन। डिप ट्युबेल सञ्चालन गर्न विद्युत् ट्रान्सफर्मर जडान, मोटर जडान, पाइपलाइन विस्तारलगायतका काम गर्न बाँकी छ। वडाध्यक्षलगायत सम्बन्धित निकायलाई हामीले ताकिता गरिरहेको उनले जानकारी दिए। सुक्खायमको सुरुवातसँगै सुकुमवासी बस्तीमा मात्रै नभएर धनुषा जिल्लाको उत्तरी क्षेत्रमा पानीका स्रोत सुक्न थालेका छन्। जिल्लाको बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा रहेका नदी, खोल्सी, जरुवा, इनार, चापाकल जस्ता जलस्रोत सुकेका कारण यहाँका बासिन्दाले खानेपानीको चरम संकट भोग्नु परिरहेको छ। इनारको पानी सुक्न थाले पनि पिउने पानी अभावसँगै सिँचाइ समस्याका कारण किसान मर्कामा परेका छन्।

मिथिला नगरपालिका-३, हरिहरपुरका मनोजकुमार महतोले इनार सुकेपछि सिँचाइ गर्न नसकिने हुँदा तरकारी खेती गर्ने योजना रोकिएको बताए। मौसमी तरकारी तथा अन्नबाली उत्पादन गरेर आम्दानी गर्दै आएको बताउँदै उनले भने, "हामीले सिँचाइका लागि इनार खनेका छौँ तर अब त इनारमा पानी नै छैन। खेती गर्न सिँचाइ नभई हुँदैन, आकासे पानीको भर पर्नु परेको छ।" अहिलेसम्म ३० प्रतिशतभन्दा बढी पानीका स्रोत सुकिसकेको उनको भनाइ छ। पछिल्ला केही वर्षयता रातु, बडहरी, औरही, जलाद, कमला नदीबाट अनियन्त्रित रूपमा नदीजन्य पदार्थ उत्खनन भइरहेको छ। चुरे पहाडको दोहन र वन विनाश बढ्दै गएकाले जलाधार क्षेत्र सुक्न थालेको स्थानीयवासीको बुझाइ छ। वन निर्देशनालय मधेश प्रदेशका वन अधिकृत सुरेश शर्माले तराई क्षेत्रमा यस वर्ष हिउँदे वर्षा नहुनु पनि जल संकटको प्रमुख कारण बनेको बताए। उनका अनुसार असोजयता आकासे पानी परेको छैन। सामान्यतः कात्तिक-मङ्सिरमा एकदुई पटक पानी पर्ने गर्थ्यो तर यस पटक पानी नपर्दा जमिनमुनि पानीको सतह झन् तल गएको छ।

अनियन्त्रित रूपमा नदीजन्य पदार्थ उत्खननले गर्दा जमिनले पर्याप्त मात्रामा पानी सोसेर राख्न नसकेको बताउँदै उनले भने, "हामीले प्राकृतिक सम्पदाको उपयोग र संरक्षणमा धेरै लापर्बाही गरिरहेका छौँ। खोला नदीहरूको अनियन्त्रित दोहन, चुरे क्षेत्रको विनाश र जलाधार क्षेत्रको संरक्षणमा ध्यान दिएनौँ भने पानीको संकट झन् भयावह बन्ने छ।" चुरेविद् डा. विजयकुमार सिंह दनुवारले जमिनमुनि पानीको सतह तल तल झर्दै जानु नै यो संकटको मुख्य कारण भएको बताए। उनका अनुसार प्राकृतिक रूपमा चुरे क्षेत्र जल भण्डार हो। चुरे क्षेत्रमा तटबन्ध निर्माण गरेर वर्षाको पानी त्यहीँ रोक्न सकियो भने भूमिगत जलस्तर बढ्न सक्छ। उनले भने, "यस समस्या समाधानका लागि जलस्रोतको संरक्षण, वन फडानी रोकथाम, अनियन्त्रित उत्खननमा कडाइ तथा वर्षाको पानी संकलन आवश्यक छ। उचित कदम चालिएन भने धनुषा मात्र नभई तराई क्षेत्रमै जल संकट गहिरिने खतरा देखिन्छ।" समयमै समाधान खोज्न सकेनौँ भने आठदस वर्षपछि सिंगो तराईमै पानीको चरम अभाव झेल्न बाध्य हुने चेतावनी चुरेविद् दनुवारले दिए।




# जिप्रका सिरहाबाट ६ जना बिचौलिया पक्राउ

सिरहा, १९ चैत्र। जिल्ला प्रशासन कार्यालय सिरहाबाट ६ जना बिचौलिया पक्राउ परेका छन्। सेवाग्राहीलाई अनावश्यक हैरानी गराउँदै कार्यालय मुख्य गेटमै बसेर काम गराइदिने बहानामा रकम असुली गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिरेन्द्र पासमानका अनुसार विशेष सूचनाका आधारमा प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेका बिचौलियाहरू नागरिकता, राहदानी, सिफारिसलगायतका प्रशासनिक कार्य छिटो गराइदिने नाममा सेवाग्राहीसँग 'फास्ट ट्र्याक' सेवा उपलब्ध गराउने भन्दै रकम असुल्दै आएका थिए। उनीहरू लामो समयदेखि सेवाग्राहीलाई अनावश्यक हैरानी गर्दै आएको गुनासोपछि प्रहरीले निगरानी बढाएको थियो।

जिल्ला प्रहरी कार्यालय सिरहाले उनीहरूलाई पहिलोपटक सम्झाइ बुझाइ छोडिएको जनाएको छ। प्रहरीका अनुसार यस्ता गतिविधि दोहोरिए थप कडा कारबाही गरिनेछ। प्रशासनिक सेवा सहज र पारदर्शी बनाउन प्रहरीको निगरानी अझै कडा बनाइने पनि डिएसपी पासमानले बताएका छन्।

# मधेश प्रदेश प्रमुखद्वारा ३ विधेयक प्रमाणीकरण

धनुषा, १९ चैत्र। मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशसभाबाट पारित भई प्रमाणीकरणका लागि पेस गरिएका तीन महत्वपूर्ण विधेयक प्रमाणीकरण गरेकी छन्। प्रदेश प्रमुख भण्डारीले मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरिन्। नेपालको संविधानको धारा, २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गरिएका यी विधेयक प्रदेश विकासका लागि महत्वपूर्ण मानिएको छ। मधेसमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले मधेस प्रदेशमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक नीति तथा योजना तय गर्नेछ।

त्यसैगरी, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेशभर कृषि क्षेत्रमा नवप्रवर्तन, आधुनिकीकरण तथा कृषकको हित संरक्षण गर्ने कानुनी आधार तयार गर्नेछ। प्रदेश बालअधिकारसम्बन्धी ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयकमा बालअधिकार संरक्षणलाई अझ प्रभावकारी बनाउनका लागि यस ऐनमा संशोधन गरिएको हो। प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता शत्रुधन यादवका अनुसार यी विधेयकको कार्यान्वयनबाट मधेस प्रदेशको सामाजिक, आर्थिक र पर्यटकीय क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

# मधेशको मुख्यमन्त्री कार्यालयबाट स्वच्छता र सफ्टवेयर खरिदका फाइलहरू अख्तियारको नियन्त्रणमा



जनकपुर, १९ चैत्र। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेशको मुख्यमन्त्री कार्यालयबाट विभिन्न योजनाका फाइलहरू नियन्त्रणमा लिएको छ। अख्तियारले स्वच्छता अभियान, सफ्टवेयर खरिद र सुरक्षा उपकरण खरिद सम्बन्धित फाइलहरु नियन्त्रणमा लिएको हो। अख्तियारको बर्दिबासको टोलीले तिनवटै योजनाको विभिन्न फाइल लगेको अख्तियार स्रोतले जनाएको छ। उक्त योजनाहरू तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको पालामा कार्यान्वयन रुभएको थियो। तीन महिनाअघि अख्तियारमा परेको उजुरीको आधारमा छानबिन गर्न सम्बन्धित फाइलहरू नियन्त्रणमा लिएको अख्तियारका एक अधिकारीले जानकारी दिए।

आर्थिक वर्ष २०७७/०७८ मा निजामती पीआइएस सिस्टम, अफिस अटोमेसन सिस्टम र जिन्सी अटोमेसन सिस्टम लगायतका सफ्टवेयर खरिद भएको थियो। खरिद भएका सफ्टवेयर अहिलेसम्म प्रयोगमा छैन। ती सफ्टवेयरहरु स्टोरमा समेत दाखिला नरहेको एक कर्मचारीले बताए। सफ्टवेयरहरु एक करोडभन्दा बढीमा खरिद भएको थियो। यस्तै मुख्यमन्त्री स्वच्छता अभियान मुख्यमन्त्री कार्यालयबाटै आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्म चलेको थियो। यी कार्यक्रमको सबै फाइल अख्तियारले लगेको छ। स्वच्छता अभियान भ्रष्टाचार अभियानको आरोप लागेपछि गौरवका यो कार्यक्रम तत्कालीन मुख्यमन्त्री राउतले बदनामीबाट बच्न भौतिक पूर्वाधार मन्त्रालयमा समायोजन गरेको थियो। अख्तियारले पछिल्लो पाँच दिनदेखि मधेशको मुख्यमन्त्री कार्यालयमा फाइलको लागि नियमित सम्पर्कमा थियो।

# अस्पतालको मूलगेटमा बन्दको प्रचार, भित्र बिरामी भर्ना गरेर उपचार !

जनकपुर, १९ चैत्र। जनकपुरधामको थापा चोकमा सञ्चालित जनकपुर सीता अस्पतालको मूलद्वारमा लेखिएको छ, 'यो हस्पिटल अनिश्चितकालको लागि बन्द गरिएको छ।' तर, भित्र भने बिरामीको उपचार भइरहेको छ। माघ २६ मा मुख्यमन्त्री सतिशकुमार सिंह उक्त अस्पताल अनुगमन गर्दा सञ्चालकले दर्ताको प्रमाण देखाउन सकेका थिएनन्। अवैध रहेको भेटिएपछि अस्पताल बन्द गर्न मुख्यमन्त्री सिंहले निर्देशन दिए। तर, निर्देशन अटेर गरेको सूचना पाएपछि मुख्यमन्त्री सिंह सोमबार पुनः जाँदा बाहिर बन्दको सूचना टाँसेको भित्र सञ्चालनमा रहेको पाइयो।

भित्र ५ जना बिरामी भर्ना गरेका थिए। अस्पतालमा चिकित्सक भने कोही थिएनन्। अस्पतालका म्यानेजर मधु महतो र रेखदेख गर्ने कर्मचारी सुभाष मुखियालाई प्रहरीले नियन्त्रणमा लिएको छ। स्रोतका अनुसार मुखिया बिरामी ल्याउने बिचौलियाको काम गर्छन्। मुख्यमन्त्री सिंहले भर्ना भएका बिरामीलाई अनुमतिप्राप्त स्वास्थ्य संस्थामा उपचारको प्रबन्ध मिलाउने जानकारी दिए। उनले भने, 'अस्पताल संचालकहरू कोही सम्पर्कमा छैनन्। तर, पनि हामी बिरामीको भरपर्दो अस्पतालमा उपचारको व्यवस्था मिलाउँछौं।' अहिलेसम्म मुख्यमन्त्री सिंहले १६२ निजी स्वास्थ्य संस्थाको अनुगमन गरेका छन्। दर्ताविनाका ११२ वटा बन्द गराइएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)